**सम्पादकीय**

# एक दशकको यात्रा र अगाडिको बाटो

वि.सं. २०६३ (सन् २००६) देखि वार्षिक रूपमा नियमित प्रकाशन हुँदै आएको *मिडिया अध्ययन*को दशकांक तपाईंसामू छ । विगतका अंकमा झैँ अनुसन्धानमूलक लेख, टिप्पणी, संस्मरण, पुस्तक समीक्षा जस्ता सामग्रीले यो अंकमा निरन्तरता पाएका छन् । मार्टिन चौतारीले आयोजना गर्ने वार्षिक मिडिया अनुसन्धान सम्मेलनमा प्रस्तुत कार्यपत्रमाथि थप काम गरी तयार पारिएका लेख पनि यस अंकमा परेका छन् । पहिलो खण्डका चार ओटा लेखमध्ये जनकराज सापकोटा र अंकलाल चलाउनेका लेख पाँचौँ मिडिया अनुसन्धान सम्मेलन (सन् २०१३) मा प्रस्तुत गरिएका कार्यपत्रमा आधारित हुन् । सापकोटाको लेख उहाँको स्नातकोत्तर तहको शोध–अध्ययनमा आधारित छ । उहाँको शोधको अंश सम्मेलनको कार्यपत्रका रूपमा प्रस्तुत भएको थियो जसलाई संशोधन, परिमार्जन गरी यहाँ छापिएको हो । सेरा तामाङको लेख बेलायतको युनिभर्सिटी अफ लन्डन अन्तर्गतको स्कूल अफ ओरियन्टल एन्ड अफ्रिकन स्टडिज (सोआस) र मार्टिन चौतारीद्वारा ४ र ५ जुलाई २०१२ मा आयोजित सार्वजनिक बुझाइ (पब्लिक मिनिङ) सम्बन्धी कार्यशालामा प्रस्तुत कार्यपत्रको अनुवाद हो । शिव रिजालको लेख काठमाडौँका नाटक समूहको आर्थिक र व्यवस्थापकीय पक्षबारे उहाँले गर्दैआउनुभएको स्वतन्त्र अनुसन्धानको नतिजा हो । उल्लिखित लेखहरूबाहेक तीन ओटा टिप्पणी (सीके लाल; हर्षमान महर्जन र योगेश राज; तथा देवेन्द्र उप्रेती, लोकरञ्जन पराजुली र प्रत्यूष वन्त) ले यो अंकमा स्थान पाएका छन् । महर्जन तथा राज लिखित टिप्पणी मार्टिन चौतारीले सञ्चालन गरेको नेपालमा सर्वसंयोजकता (युनिभर्सल कनेक्टिभिटी) परियोजना अन्तर्गतको इन्टरनेटसम्बन्धी नीतिहरूको समीक्षाको सार हो । अनुसन्धान संक्षेपका रूपमा चौतारीले यसको छुट्टै प्रकाशन गरिसकेको छ । छैटौँ मिडिया अनुसन्धान सम्मेलन (सन् २०१५) मा पत्रकार होमनाथ दाहालले पञ्चायतकालीन पत्रकारितासम्बन्धी विशेष मन्तव्य दिनुभएको थियो । सोही मन्तव्यलाई परिमार्जन गरी यहाँ संस्मरणका रूपमा समेटिएको छ ।

यीबाहेक तीन ओटा पुस्तक समीक्षा यस अंकमा परेका छन् । साथै, *मिडिया अध्ययन*का दश अंकमा छापिएका सामग्रीहरूको सूची पनि यसमा समावेश छ । यो अंकको तयारी क्रममा लेख/रचना उपलब्ध गराउने सबै लेखक, यसमा समेटिएका विभिन्न लेखका मस्यौदा पढी सम्बन्धित लेखकलाई सुझाव दिनुहुने, शुद्धाशुद्ध हेरिदिनुहुने र लेआउट डिजाइन गर्नुहुने चौतारीका सहकर्मी सबैलाई धन्यवाद दिन चाहन्छौँ ।

*मिडिया अध्ययन*लाई मिडियाका विविध पक्षमाथि अनुसन्धान र बहस गर्न चाहनेहरूको साझा चौतारी बनाउने हाम्रो उद्देश्य एक दशक लामो यो यात्रामा केही सार्थक भएको हामीले ठानेका छौँ । नेपाली सन्दर्भमा लेखिएका अनुसन्धानमूलक लेख, टिप्पणी, संस्मरण, अन्तर्वार्ता, प्रतिवेदन, पुस्तक समीक्षा, सन्दर्भ सामग्री, अभिलेख आदिका माध्यमबाट यो अवधिमा नेपाली मिडियाबारे हामीले निरन्तर बहस चलाइरह्यौँ । मार्टिन चौतारीका विभिन्न गतिविधि (मिडियासम्बन्धी छलफल, कार्यशाला र सम्मेलन, चौतारी भित्रैबाट मिडियासम्बन्धी गरिएका अनुसन्धान, चौतारी मिडिया अनुसन्धान फेलोसीप, आदि) *मिडिया अध्ययन*को निरन्तरताका लागि सहयोगी बने । चौतारी आफैले गरेका अनुसन्धानका अतिरिक्त छलफल वा सम्मेलनमा प्रस्तुत अवधारणा र कार्यपत्रमाथि थप काम गर्न लगाएर वा विश्वविद्यालयका शोधार्थी वा स्वतन्त्र अनुसन्धातालाई आफ्ना अनुसन्धान लेखमा परिणत गर्न विद्वतवृत्ति दिएर त्यसलाई *मिडिया अध्ययन*मार्फत आम पहुँचमा ल्याउने प्रयास गर्‍यौँ । तीमध्ये केही प्रयास सार्थक भए, केहीमा अपेक्षित सफलता प्राप्त भएन । कतिपय लेखक/अनुसन्धाताले स्वस्फुर्त रूपमा र केहीलाई सम्पादकले अनुरोध गरेपछि विविध विषयका सामग्री प्राप्त भए । ती सामग्रीलाई आवश्यक सम्पादनपश्चात् बाहिर ल्याउन सफल भयौँ । यसरी गएको एक दशकमा मिडियासँग कुनै न कुनै हिसाबले जोडिएका र यसप्रति चासो राख्ने अनुसन्धाता, पत्रकार, विभिन्न क्षेत्र र पेशाका विज्ञले *मिडिया अध्ययन*मार्फत नेपाली मिडियासम्बन्धी बहसमा भाग लिए ।

दशक लामो यो यात्रामा हामीले औपचारिक वा अनौपचारिक रूपमा धेरै व्यक्तिबाट टिप्पणी, सुझाव र हौसला पायौँ । औपचारिक हिसाबले मिडियाका केही विज्ञ, अनुसन्धाता र आमसञ्चार तथा पत्रकारिताका विद्यार्थीमाझ यो जर्नलबारे यस अवधिमा दुई पटक समीक्षात्मक छलफल चलाइयो । त्यस्तै, जर्नलका नियमित पाठक एवं अनुसन्धातामार्फत यसमा छापिएका विषयवस्तुको समीक्षा गराई प्रकाशित गरेका थियौँ । साथै, हरेक अंकको प्रकाशनपश्चात्

पत्रपत्रिकामा आएका समीक्षा, व्यक्तिगत भेटघाटमा पाठकले दिएका सुझाव एवं टिप्पणी पनि हाम्रो प्रयासलाई सार्थक बनाउन सहयोगी भए । यसरी गर्दै र सिक्दै पार गरेको दशक लामो यात्रामा आफ्ना लेख, टिप्पणी, अनुभव, समीक्षा लेख्ने लेखक, अन्तर्वार्ता दिने व्यक्ति, प्रकाशनका लागि आर्थिक सहयोग उपलब्ध गराउने संस्थालगायत समस्त पाठकजनप्रति हामी आभार व्यक्त गर्न चाहन्छौँ ।

नेपालमा मिडिया अनुसन्धानको जग भर्खर बस्दै गरेको सन्दर्भमा दश वर्षअघि *मिडिया अध्ययन*को प्रकाशन थाल्दा जे-जस्ता चुनौती हाम्रासामू थिए, आज पनि त्योभन्दा धेरै उत्साहपूर्ण परिस्थिति बनिसकेको छैन । मिडिया अनुसन्धान अहिले पनि व्यक्तिगत रुचिले सुस्त गतिमा अगाडि बढिरहेको छ; यसलाई प्रोत्साहित गर्ने वातावरणको अभाव छ । मिडियाबारे अनुसन्धान गर्न आवश्यक बलियो प्राज्ञिक संरचना बन्न नसक्दा यसले संस्थागत आकार लिन सकेको छैन । यसको आवश्यकता न राज्यले महसुस गर्न सकेको छ, न यस क्षेत्रमै आफ्नो वर्तमान र भविष्य बनाएका निजी र व्यावसायिक प्रतिष्ठानहरूको यसतर्फ कुनै रुचि देखिन्छ । मिडियाबारे अनुसन्धान नै फाट्टफुट्ट मात्र हुने र भएका अनुसन्धानलाई पनि आवश्यक प्राज्ञिक कसरत गरी यस्ता जर्नल वा अन्य माध्यममार्फत बाहिर ल्याउन चाहने जमात अत्यन्तै सानो छ, जुन *मिडिया अध्ययन* जस्तो जर्नलको निरन्तरताका लागि सबैभन्दा ठूलो चुनौती बन्यो ।

एकातर्फ *मिडिया अध्ययन*का लागि आवश्यक सामग्री जुटाउने कार्य सदैव सकसपूर्ण रह्यो भने अर्कातर्फ सम्पादकीय समूह, चौतारी भित्र र बाहिर पनि यो जर्नलको दायरालाई फराकिलो बनाएर समाज विज्ञानका अन्य विधालाई समेत समेट्न आवश्यक रहेको अभिमत निरन्तर आइरह्यो । यो जर्नललाई यही रूपमा अझै लामो समय निरन्तरता दिने हाम्रो इच्छा हुँदाहुँदै पनि जर्नलले झेल्न परेका विविध अप्ठ्यारा तथा व्यापक समाज विज्ञानको क्षेत्र समेटिने नेपाली भाषाको जर्नलको आवश्यकता तथा महत्त्वलाई आत्मसात गर्दै *मिडिया अध्ययन*लाई समाज विज्ञानको साझा चौतारीमा रूपान्तरित गर्ने निर्णयमा हामी पुगेका छौँ । *मिडिया अध्ययन*को नाम कायमै राखेर त्यसमा अन्य विधाका सामग्रीसमेत संगृहित गर्दा अलि अमिल्दो देखिने र त्यसले जर्नलको अन्तर्वस्तुलाई न्याय गर्न नसक्ने हुनाले आगामी अंकदेखि विस्तारित सम्पादकीय समूह, नयाँ नाम र अन्तर्वस्तुसहित हामी पाठकसमक्ष आउने जानकारी गराउन चाहन्छौँ ।

*मिडिया अध्ययन*ले आफूलाई रूपान्तरित गरे पनि नेपाली मिडियाबारे अनुसन्धान तथा प्रकाशनको क्षेत्रमा मार्टिन चौतारीले लामो समयदेखि चलाइरहेको आलोचनात्मक बहसले निरन्तरता पाउने विश्वास दिलाउन चाहन्छौँ । र, नेपाली

मिडियाका विविध पाटाबारे गरिने अनुसन्धान तथा बहसलाई रूपान्तरित जर्नलमा समेत पर्याप्त स्थान दिने वाचा गर्छौं । एक दशक लामो यो यात्रामा सँगै हिँडेका हाम्रा आदरणीय लेखक, पाठक तथा शुभेच्छुकहरूको साथ र सहयोग आगामी दिनमा पनि जारी नै रहने छ भन्ने आशा र विश्वास हामीले लिएका छौँ ।

**सम्पादकहरू**

**पुनश्चः** *मिडिया अध्ययन*को गतांकदेखि यो जर्नल भृकुटी एकेडेमिक पब्लिकेसन्सले प्रकाशन गर्ने गरी मार्टिन चौतारीले समझदारी गरेको थियो । प्रि-प्रेसका सबै काम सकेर प्रकाशकलाई आठ महिनाअघि हस्तान्तरण गरिए तापनि छापिने कुनै सुरसार नदेखिएकाले यो अंक मार्टिन चौतारी आफैले प्रकाशन गरेको जानकारी गराउँछौँ । समयमै पाठकका हातमा जर्नल पुर्‍याउन नसकेकोमा पाठक, लेखक तथा शुभेच्छुक सबैसँग क्षमा माग्छौँ ।